जहाँ छ मेरो जन्मभूमि, त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए, हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥- कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का.महोत्तरी.द.नं. ४१/०७०/७१
जि.महोत्तरी.हु.द.नं. ३/०७०/७१

सबै क्षेत्रको प्रवर्द्धनको गुरू

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
:९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail:-
jaleshwortoday@gmail.com

बर्ष १० • अंक ४० • २०७९ मंसिर १७ गते शनिवार • 3 Dec. 2022 • पृष्ठ ४ • मुल्य रु.५/-

## भण्डारीले जन्मकैदको सजाय भोगिरहेका रेशमलाल चौधरीसंग भेटे



जलेश्वरटुडे समाचारदाता
महोत्तरी, १६ मंसिर

लोसपा नेपालका वरिष्ठ नेता शरतसिंह भण्डारीले टिकापुर घटनाका दोषी ठहर भइ जन्मकैदको सजाय भोगिरहेका रेशमलाल चौधरीलाई भेटेका छन् । भण्डारीले शुक्रबार दिउँसो डिल्ली बजार चारखाल करागार पुगेर चौधरीसँग भेट गरेकका हुन् । उनीहरुबीच राष्ट्रिय राजीतिको सबाल र समसामयिक बिषयमा छलफल भएको छ । टिकापुर हत्याकाण्डको मुख्य योजनाकार भएको अभियोगमा अदालतबाट सजाय पाएका चौधरीले जेलमै भएका बेला श्रीमती रञ्जिता श्रेष्ठको अध्यक्षतामा नागरिक उन्मुक्ति पार्टी गठन गरेका छन् । नागरिक उन्मुक्ति पार्टीले प्रतिनिधि सभामा ४ सिट जितेको छ । चुनावी नतिजा लगत्तै विभिन्न दलका नेताले चौधरीसँग भेटघाट बढाएका छन् । त्यसैगरी चौधरीलाई प्रचण्ड, नेपाल र भट्टराईले पनि भेटेका छन् । सत्तागठबन्धनले सुविधानजक बहुमतका लागि जसपा, नागरिक उन्मुक्ति पार्टी र स्वतन्त्र सांसदतिर पनि नजर लगाएको छ । गठबन्धनमा तान्ने लक्ष्यसहित नै माओवादी अध्यक्ष प्रचण्ड, एकीकृत समाजवादीका अध्यक्ष माधव नेपाल र नेपाल समाजवादी पार्टीका अध्यक्ष बाबुराम भट्टराईले डिल्लीबजार कारागारमै पुगेर नागरिक उन्मुक्ति पार्टीका नेता रेशम चौधरीसँग भेट गरिसकेका छन ।

प्रचण्डले सोमबार तथा नेपाल र भट्टराईले मंगलबार भेटेका हुन् । प्रतिनिधिसभामा प्रत्यक्षतर्फ तीन सिट जितेको नागरिक उन्मुक्ति पार्टीले समानुपातिकमा भने थ्रेसहोल्ड कटाउने सम्भावना देखिँदैन । गठबन्धनका नेताहरूले जेलमै भेटेर तथा टेलिफोनमार्फत सरकारमा सहकार्यको प्रस्ताव गरेको नागरिक उन्मुक्ति पार्टीका प्रवक्ता दामोदर पण्डितले बताए । तर, सो पार्टीकी अध्यक्ष रञ्जिता श्रेष्ठसँग भने कुनै भेटघाट नभएको उनको भनाइ छ ।

## चोरी गरेको मोटरसाइकलसहित ७ जना प्रहरीको फन्दामा

जलेश्वरटुडे समाचारदाता
धनुषा, १६ मंसिर



धनुषामा सक्रिय रहेको मोटरसाइकल चोरी गर्ने ग्याङ्ग प्रहरीको फन्दामा परेको छ । जनकपुरधामसहित जिल्लाको विभिन्न स्थानबाट चोरी गरेको मोटरसाइकलसहित ७ जनालाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

प्रहरीले चोरी भएको ५ वटा मोटरसाइकलसहित ७ जनालाई नियन्त्रणमा लिएको प्रहरी नायव उपरीक्षक दीपक रायले जानकारी दिए । प्रहरीले धनुषाको मिथिलाबिहारी नगरपालिका ६ वस्ने ३० वर्षीय मनोहर कुमार यादव, जनकपुरधाम उपमहानगरपालिका १४ बस्ने २१ वर्षीय रूपेश यादव, वडा नं. १६ बस्ने १९ वर्षीय गुलशन नदाफ, वडा नं. १५ बस्ने २२ वर्षीय भरत साह, महोत्तरीको बलवा नगरपालिका ५ बस्ने बिक्की कुमार यादव, वडा नं. ४ बस्ने २६ वर्षीय विवेक कुमार झा र सिरहाको कल्यानपुर नगरपालिका ५ घर भई हाल जनकपुरधाम बस्ने १९ वर्षीय नितेश यादवलाई नियन्त्रणमा लिएको छ ।

## धनुषामा एकै परिवारको एकजनाको हत्या तथा अन्य चारजना घाइते

जलेश्वरटुडे समाचारदाता
धनुषा, १६ मंसिर



धनुषामा एकै परिवारको एकजनाको हत्या भएको छ भने अन्य चारजना घाइते भएका छन् । हत्या हुनेमा मिथिला विहारी नगरपालिका ४ रमौल बस्ने ५३ वर्षीय प्रभु यादव रहेका छन् । बिहीबार राति साढे ८ बजेको समयमा स्थानीय सुरज यादवको परिवारको समूहले घरेलु हतियारसहित घरमै आएर एक्कासी आक्रमण गरेपछि घटनास्थलमै बुबाको मृत्यु भएको उनका छोरा अशोक यादवले बताए । घटनामा प्रभुकी श्रीमती महाजनी देवी यादव, जेठो छोरा जगरनाथ यादव, माहिलो छोरा सन्तोष यादव र कान्छो आशोक यादव घाइते भएका छन् ।

सन्तोष यादवको टाउकोमा १८ वटा टाका लागेको छ भने एउटा हतको दुईवटा औंला छिनाएको छ । अन्य समान्य घाइते भएका छन् । उनीहरुको प्रादेशिक अस्पतालमा उपचार भइरहेको छ । मतृकका कान्छो छोरा अशोकका अनुसार राति ८ बजे घरमा खाना खाएर बुबा दैलोमा आगो ताप्न बसेको बेला सुरज यादवसहित १० जनाको समूहले घरेलु हतियार बञ्चरो, खुकुरीसहित आक्रमण गरका थिए ।

## मधेस प्रदेशमा एमाले कै नेतृत्वमा सरकार गठन हुने दाबि: महासेठ

जलेश्वरटुडे समाचारदाता
धनुषा, १६ मंसिर




नेकपा एमालेका सचिव तथा धनुषा क्षेत्र नं.४ प्रतिनिधि सभा सदस्य रघुवीर महासेठले मधेस प्रदेशमा एमाले कै नेतृत्वमा सरकार गठन हुने दाबि गरेका छन् ।

प्रेस चौतारी धनुषाले जनकपुरधाममा आयोजना गरेको पत्रकार सम्मेलनमा नेता महासेठले मधेश प्रदेशमा नेकपा एमाले ठूलो पार्टी भएकाले मुख्यमन्त्री हुने स्वभाविक भएको बताए। उनले मधेस प्रदेशको सरकार गठन यस विषयमा अरु सहयोगी दलसंग सहकार्य हुने जनाए । नेता महासेठले मधेश प्रदेशमा प्रतिनिधि सभा तथा प्रदेश सभा तर्फपनि पहिलो पार्टी बनेकोमा सम्पूणर् प्रदेशका मतदाता तथा आम जनता प्रति धन्यवाद समेत दिए । नेता महासेठले सरकार बनेको तीन महिनाभित्र जन्मसिद्ध नागरिकताको निणर्य नभए देशव्यापी आन्दोलन गर्ने चेतावनी समेत दिए ।

उनले भने, अब बन्ने सरकारले तीन महिनाभित्र नागरिकताको समस्या समाधान नगरे एमालेको नेतृत्वमा मधेससहित देशभर आन्दोल गर्ने र त्यो आन्दोलनको अगुवाई एमालेले गर्नेछ । नेता महासेठले नागरिकताको समस्याले लाखौं बालबालिकाको शिक्षा र रोजगारीमा समस्या भईरहेकोले नागरिकताको समस्या समाधान नहुनजेलसम्म आन्दोलन जारी राख्ने बताए । महासेठले विगतमा एमालेको सरकारले मधेसमा चौध सय विकासका योजनाहरु ल्याउन लागेकोमा, कोरोना कहर र सरकार ढलेपछि आएको नयाँ सरकारले सम्पूर्ण योजनाहरु संचालन गर्न नदिएको आरोप लगाएको छ ।

डेंगीबाट बचौं ।

- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु
- आँखाको गेडी दुख्नु
- अत्याधिक टाउको दुख्नु
- शरीरमा राता बिमिराहरु आउनु
- वाकवाकी लाग्नु वा वान्ता हुनु
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- अध्यांरा कुना काप्चामा किटनाशक औषधी छर्नकने गरौं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ । तत्काल चित्सिक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।

स्वास्थ्य कार्यालय जलेश्वर, महोत्तरी

"समावेशी विकासका लागि रुपान्तरित समाधान: पहुँचयुक्त र समातामुलक विश्वका लागी ऊर्जावान सृजनशीलताको प्रावधान"

- अपागंताको आधारमा गरिने कुनै पनि भेदभाव कानुनी अपराध हो,
- अपागंताको आधारमा कसैलाई पनि अपमान गर्ने, होच्याउने, दुर्व्यवहार गर्ने र सेवा सुविधाबाट अलग्याउने जस्ता क्रियाकलापहरु नगरौं नगराऔं,
- अपागंताको आधारमा गरिने हरेक विभेद विरुद्ध खुलेर बोल्ने गरौं,
- अपागंता भएका व्यक्तिहरुमाथि हुने विभेद र अत्याचार अन्त्य गरौं ।

*३१ औं अन्तर्राष्ट्रिय अपागंता दिवस सफल पारौं ।*

नेपाल सरकार
विज्ञापन बोर्ड




# पैयुँ फुल्ने गाउँ

*(रमेश पौडेल)*



*लाली गुराँस फुल्यो*
*ओइलियो झर्यो*
*पैयुँ फुल्यो*
*ओइलियो झर्यो*
*सयपत्री, मखमली फुले*
*ओइलिए झरे,*
*फुल्नु प्रकृति*
*ओइलिनु, झर्नु*
*नियति !*
*थिए आदिम मान्छे*
*अनिकाल थियो अक्षरको*
*बिना शब्द टाँग्थे कविता*
*गुराँसे हाँगामा*
*गाउँथे गीत विना स्वर*
*छहरे छाँगामा ।*
*पैयुँ फुल्ने गाउँ*
*यौटा अलिखित कविता*
*जो ! लेखिएकोभन्दा उत्कृष्ट लाग्छ !*
*पैयुँ फुल्ने गाउँ*
*नगाइएको त्यो गीत,*
*जो, गाइएकोभन्दा मीठो लाग्छ !*

*डोल्स्यो छम्छमाउँदा*
*पैयुँको छायामा*
*ठुस्स पर्छे उता*
*मितिनी माछापुच्छे*
*वाह !*
*मीठो ईर्ष्या*
*हेरेका सबै*
*देख्न सकिन्न,*
*देखेका सबै*
*लेख्न सकिन्न !*
*पैयुँ फुल्ने गाउँ*
*भेट्नु एकदिन,*
*मै हुँ भन्नेले !*

# लोहारपट्टी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
लोहारपट्टी, महोत्तरी
मधेश प्रदेश, नेपाल

## गणक भर्ना सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७९।०८।१६ गते**

लोहारपट्टी नगरपालिकाको १ देखि ९ वडा सम्म तथ्यांक संकलन गर्नका लागि गणक आवश्यकता परेको हुंदा यो सूचना प्रकाशित भएको मितिले सात दिनभित्र तल उल्लेखित न्यूनतम शैक्षिक योग्यता तथा अनुभव परेका ईच्छुक नेपाली नागरिकबाट दरखास्त आव्हान गरिन्छ र ईच्छुक व्यक्तिले रित पूर्वक आफ्नो आवेदन पत्र र वास्तविक बायोडाटा यस कार्यालयको ईमेलमा loharpattimunicipality@gmail.com वा कार्यालय समय भित्र आईपुग्ने गरी पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

पद : गणक (**Enumerator**)
माँग संख्या : २० (बीस)

*१) प्रमुख जिम्मेवारी :*

- सुपरभाईजरले जिम्मेवारी दिएको अनुसार काम गर्नुपर्ने ।
- पालिका अन्तर्गतको वडामा मोबाईलको माध्यमबाट कोबो टुल मार्फत तथ्यांक संकलन गर्नुपर्ने।
- प्रत्येक दिन तथ्यांक संकलन पछि एक चोटी जेकजाँचको लागी तथ्यांक पठाउनुपर्ने।
- समुदायमा बसि घरधुरी तथ्यांक संकलन मार्फत समुहमा काम गर्नुपर्ने।
- निश्चित तोकिएको समयमा काम सम्पन्न गर्नुपर्ने।

*२) आवश्यक न्यूनतम शैक्षिक योग्यता तथा अनुभव :*

- आवेदकको शैक्षिक योग्यता कम्तीमा एस.एल.सी. वा सो भन्दा माथि।
- यसका साथै आवेदकसंग Android मोवाईल हुनुपर्ने र मोवाईल सम्बन्धी सामान्य ज्ञान भएकु हुनुपर्ने।
- मोबाईलमा तथ्यांक संकलन सम्बन्धी अनुभव भएको आवेदकलाई प्राथमिकता दिईनेछ।

*३) पेश गर्ने कागजातहरु :*

- आवेदन पत्र, बायो डाटा, शैक्षिक प्रमाणपत्र।

*४) आवेदन सम्बन्धी थप जानकारी :*

- २० वर्ष देखि ४० वर्ष ननाघेको हुनुपर्ने छ।
- अनुभवी महिला, मुस्लिम, दलित र २० वर्ष माथि भएको अविवाहित महिलालाई विशेष प्राथमिकता दिईनेछ।
- आवेदन दिने अन्तिम मिति २०७९।८।२२ गते दिनको ५:०० बजे सम्म।
- सम्पर्क मिति २०७९।०८।३२ गते।
- छनौट प्रकृया : आवेदकको शैक्षिक योग्यता, अन्तरवार्ता तथा अनुभवको आधारमा।
- सेवा सुविधा : कार्यालयले तोके अनुसार।

<u>दरखास्त पेश गर्ने ठेगाना</u>
महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा
सम्पर्क नं.: ९८१५८१०६६५/९८६०९०५६६६
लोहारपट्टी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लोहारपट्टी, महोत्तरी

प्रमुख प्रशासकीय अधिकृत

## तपाईको टुडे

मेष: अशुभ समाचार प्राप्त हुने
वृष: मनमा पछुतो आउने
मिथून: मित्रतामा फाटो आउने
कर्कट: अनावश्यक खर्चको संभावना
सिंह: लामो यात्राको योग छ
कन्या: पढाईमा ध्यान दिनुपर्ने
तुला: अनावश्यक चिन्ता
वृश्चिक: आम्दानी हुने
धनु: विचार गरेर बोल्नुहोला
मकर: पिछडेको साथी मिल्ने
कूम्भ: खानपानमा समस्या आउने
मीन: शुभ कार्यको शुरुवात


## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा




## आवश्यक टेलिफोन नम्बरहरु



### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| विहान पुजा आरती | ०५:३० बजे |
| विहान ढोका बन्द | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०६:३० बजे |
| राति ढोका बन्द हुने समय | १२ बजे |

(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर



## पुजाआजा



| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| विहान पुजा आरती | ०७:३० बजे |
| विहान ढोका बन्द | १२:०० बजे |
| अन्न क्षेत्र | नि:शुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०७:३० बजे |

# अमेरिका, जापान, दक्षिण कोरिया र युरोपेली संघले उत्तर कोरियामाथि लगाए नयाँ प्रतिबन्ध

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १६ मंसिर




अमेरिका र उसका एशियाली सहयोगीहरूले उत्तर कोरियाका तीन अधिकारीमाथि प्रतिबन्ध लगाएका छन् । उत्तर कोरियाले हालै गरेको मिसाइल परीक्षणपछि यस्तो कदम चालिएको हो । उत्तर कोरियाले यस वर्ष रेकर्ड ६० मिसाइल प्रक्षेपण गरेको छ । यससँगै उसले धेरै अन्तरमहादेशीय मिसाइल पनि प्रक्षेपण गरिसकेको छ ।

उत्तर कोरियाली अधिकारी जोन-क्ष्क्ष हो, यू जिन र केम सू गिलले यी हतियारहरूको विकासमा 'ठूलो भूमिका' निभाएको बताइएको छ। जापान, दक्षिण कोरिया र युरोपेली संघले उनीहरुमाथि प्रतिबन्ध लगाएका छन्। पश्चिमी देशहरूले उत्तर कोरियामाथि लामो समयदेखि प्रतिबन्ध लगाएका छन् । नयाँ प्रतिबन्ध अन्तर्गत अमेरिकामा रहेका यी अधिकारीहरूको सबै सम्पत्ति रोक्का गरिने छ, यी व्यक्तिहरूले कुनै पनि अमेरिकीसँग कुनै पनि प्रकारको व्यापार वा लेनदेन गर्न सक्ने छैनन् ।

# पूर्व अभिनेत्री सोमी अलीको सलमानमाथि शारीरिक शोषणको आरोप

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १६ मंसिर



बलिउड अभिनेत्री सोमी अलीले आफ्नो सामाजिक सञ्जालमा सलमान खानको नाम नलिई ठूलो हमला गरेकी छन्। सोमी अलीले आफ्नो पोस्टमा सलमान खानसँगको पुरानो तस्बिर सेयर गर्दै शारीरिक शोषणको आरोप लगाएकी छिन्।

यद्यपि, सोमीले यो पोस्ट तत्कालै डिलिट गरिन्। सोमीले आफ्नो पोस्टमा सलमान खान बाहेक सलमान खानलाई समर्थन गर्ने अभिनेत्रीमाथि पनि हमला गरेकी छिन्। सोमी अली कुनै समय सलमान खानकी प्रेमिका थिइन्। पछिल्लो समय उनले सलमान खानमाथि बारम्बार हमला गरिरहेकी छिन् । **म आफ्नो पक्षमा ५० जना वकिल खडा गर्नेछु** सोमीले हालै आफ्नो र सलमानसँगको पुरानो तस्विर सेयर गर्दै लेखेकी छिन्, 'अब धेरै कुरा हुनेछ। मेरो शो भारतमा प्रतिबन्धित भयो र त्यसपछि मलाई वकिलमार्फत् धम्की दिइयो। तिमी कायर हौ । यदि तिमीले मलाई वकिलहरुको डर देखाउँछौ भने म पनि आफ्नो सुरक्षामा ५० वकिल खडा गरिदिन्छु । उनीहरु सबैले मलाई चुरोटले पोलिदिने र शारीरिक उत्पीडनबाट बचाउनेछन् जुन तिमीले ममाथि वर्षौंससम्म गर्यौ।'

**तिमीलाई समर्थन गर्ने सबैलाई धिक्कार छ** सोमीले आफ्नो पोस्टमा थप लेखेकी छिन्, 'महिलामाथि आक्रमण गर्ने पुरुषलाई समर्थन गर्ने सबै महिला कलाकारहरूमाथि धिक्कार छ । तिमीलाई समर्थन गर्ने पुरुष कलाकारलाई पनि धिक्कार छ।

ध्यान रहोस्, तिमीले आफ्नो इन्सोल लगाएको छौ किनभने तिम्रो हाइट पाँच फिट ६ इन्च मात्रै छ । अब यो वार कि पारको लडाईं हो ।' उनले आफ्नो पोस्टमा कसैको नाम नलेखेको भए पनि सलमानसँगको फोटो सेयर गरेपछि अनुमान लगाउन सकिन्छ कि उनका यी सबै कुरा सलमान खानप्रति इंगित छ ।

# फस्ट माइक्रो फाइनान्स लघुवित्तले घोषणा गर्‍यो लाभांश, बोनस सेयर कति ?

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १६ मंसिर



फस्ट माइक्रो फाइनान्स लघुवित्त वित्तीय संस्थाले गत आर्थिक वर्षको नाफाबाट आफ्ना लगानीकर्तालाई लाभांश घोषणा गरेको छ । लघुवित्तले आफ्ना लगानीकर्तालाई २० प्रतिशत लाभांश घोषणा गरेको हो ।

कम्पनीको सञ्चालक समितिको बैठकले गरेको प्रस्तावअनुसार १९ प्रतिशत बोनस सेयर र १ प्रतिशत (कर प्रयोजनका लागि) नगद लाभांश वितरण गर्ने भएको हो । १९ प्रतिशतले हुन आउने १८ करोड ३२ लाख ५३ हजार रूपैयाँ बराबरको बोनस सेयर वितरण हुनेछ । यस्तै, १ प्रतिशत हुन आउने ९६ लाख ४४ हजार रूपैयाँ नगद लाभांश वितरण गर्ने प्रस्ताव सञ्चालक समितिले गरेको हो । बोनस नगद लाभांशसहित कूल १९ करोड २८ लाख ९८ हजार रूपैयाँ लाभांश वितरण गर्ने भएको हो। कम्पनीको सञ्चालक समितिको बैठकले गरेको प्रस्ताव आगामी वार्षिक साधारण सभाले स्वीकृत गर्नुपर्छ।

# जापान विश्वकप फुटबलको नकआउट चरणमा प्रवेस



जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १६ मंसिर

जापान फिफा विश्वकप फुटबल २०२२ को नकआउट चरणमा प्रवेश गरेको छ । बिहीबार राति स्पेनलाई २-१ गोल अन्तरले हराउँदै जापानले प्रि-क्वाटरफाइनलमा प्रवेश गरेको हो । खालिफा अन्तराष्ट्रिय स्टेडियममा जापानलाई जित दिलाउन रित्सु डोन र एओ टानकाले एक एक गोल गरे । उता स्पेनका अल्भारो मोराटाले एक गोल फर्काए ।

स्पेनले खेलमा लिएको सुरुवाती अग्रता जोगाउन नसक्दा हार ब्यहोर्न पुगेको हो । खेलको ११ औं मिनेटमा मोराटाले गोल गर्दै स्पेनलाई सुरुआती अग्रता दिलाएका थिए । जापानले दोस्रो हाफको सुरुवातमै गोल गर्न सफल भयो । खेलको ४८ औं मिनेटमा रित्सुले गोल गर्दै जापानलाई १-१ को बराबरीमा ल्याए। खेलको ५१ औं मिनेटमा टानकाले गोल गर्दै जापानलाई २-१ को जित दिलाए । जितसँगै जापान समूह 'ई' को समूह विजेता बन्दै अन्तिम १६ मा पुगेको हो। जापानले ३ खेलमा ६ अंक जोड्यो। पराजित स्पेनले ३ खेलमा ४ अंक जोड्यो।


# सूचना




जनकनन्दनी गाउँपालिकाको कार्यालय, धनुषा



# कामनी व्यूटी पार्लर

यहाँ व्यूटी पार्लर सम्बन्धी सम्पूर्ण काम गरिनुको साथै व्यूटी पार्लर,मेहँदी,डिजाइनर मेहँदी सम्बन्धी तालिम समेत दिइन्छ। यहाँ आधुनिक किसिमले दुल्हन सजाउने काम समेत गरिन्छ।

सम्पर्क : साह मिनी मार्केटको सामुने,जलेश्वर,महोत्तरी



# सूचना




महोत्तरी गाउँपालिकाको कार्यालय, महोत्तरी

# जो गतिशील उसकै नेतृत्व

-संघीय गणतन्त्र नेपालको दोस्रो महानिर्वाचनका परिणाम निथारपिथारमा रहेको यो समयमा नेपाली सहरिया समाजका 'प्रतिष्ठित' मानिएका व्यक्तित्वहरूका मनमा स्वाभाविक जिज्ञासा उठेको छ– ओहो, अबको सरकार पनि प्रधानमन्त्री शेरबहादुर देउवाकै नेतृत्वमा बन्ने भो त ! घटनाक्रमको 'स्वत:स्फूर्त' विकासक्रम देखेर प्रधानमन्त्री देउवा आफैं आश्चर्यजनक द्विविधामा परेका होलान् । भाग्यमा छ भने दूध डोकामा दुहे पनि अडिन्छ ! राणा शासनको अन्त्यदेखि नै नेपाल लामो र पट्यारलाग्दो संक्रमणकालीन समयबाट गुज्रिइरहेको छ । २०१५ सालको महानिर्वाचन, २०१७ सालको प्रतिक्रान्ति, २०३६ सालको विद्यार्थी जागरण, २०४२ सालको सत्याग्रह, २०४६ सालको जनआन्दोलन, २०५८ सालमा भएको राजा वीरेन्द्र र उनको सम्पूर्ण परिवारको वंशनाश, २०६२-६३ सालको अर्को निर्णायक जनआन्दोलन – आँखाको नानीजस्तो महत्त्वपूर्ण र सानो यो देशका निर्धन जनताले थरीथरीका दुर्घटना बेहोर्नुपरेको छ । यति बेला नेपाली कांग्रेसका सभापति देउवा प्रधानमन्त्री पदमा छन् । भर्खरै सम्पन्न चुनावमा कांग्रेसले 'उल्लेख्य' विजय हासिल गरेपछि आगामी 'प्रधानमन्त्री' पनि उनी आफैं बन्नुपर्ने परिस्थिति किन बन्न थालेको छ ? आजको विषय यो होइन । देउवा पहिलो पटक प्रधानमन्त्री बन्दा तत्कालीन प्रजातान्त्रिक राजनीतिमा 'अछुत' ठानिएको राष्ट्रिय प्रजातन्त्र पार्टीसँग समीकरणमा थिए । दोस्रो पटक प्रधानमन्त्री बनेपछिको समयमा उनले माओवादीसँग शान्तिवार्ताको प्रस्ताव गर्दै जनयुद्धका कमान्डर प्रचण्डको 'साहसिक' व्यक्तित्वको सम्मान गरेका थिए । तर, माओवादीसँग कुरा मिलाउन उनी असफल भए ।

राजनीतिक विश्लेषकहरू देउवाले दोस्रो पटक प्रधानमन्त्री भएको समयमा ती सबै 'वर्जित' काम गरेको आरोप लगाउँछन्, जसको सम्पूर्ण रूपमा आकलन गर्नु निकै कठिन छ । त्यति बेला देउवा नेतृत्वको 'नागरिक' सरकार शाही सेनाको मातहतमा रहेको भान हुन्थ्यो । सिंहदरबारमा रहेको प्रधानमन्त्री कार्यालय सिंहदरबार परिसरभित्रै रहेको राष्ट्रिय सुरक्षा परिषद्को छायामा परेको अनुभव हुन्थ्यो । माओवादी जनयुद्धका पाँच वर्ष बित्दा-नबित्दै तत्कालीन शाही सेना पैंतालीस हजार जवानबाट दोब्बर बढेर नब्बे हजार जवानको संगठित फौज बनेको थियो । त्यही समयमा गठन भएको थियो, पन्ध्र हजार जवान भएको सशस्त्र प्रहरी बल । शान्ति क्षेत्रका रूपमा कहलिएको नेपालजस्तो सानो देशका लागि कति ठूलो सुरक्षा बल ! त्यस बेला प्रधानमन्त्रीका रूपमा देउवाले अमेरिकाका राष्ट्रपति जर्ज डब्लू बुस र बेलायतका प्रधानमन्त्री टोनी ब्लेयरलाई नेपालमा आफ्नो नेतृत्वको सरकारले चलाएको माओवादी आन्दोलनविरुद्धको 'अभियान' अन्तर्राष्ट्रिय आतंकवादविरुद्धको आन्दोलन हो भन्नेमा सहमत गराएका थिए । देउवाको याचनामा अमेरिकाले माओवादीलाई अन्तर्राष्ट्रिय आतंकवादीको सूचीमा राखेको थियो । बुसका विदेशमन्त्री कोलिन पावेल दुई करोड साठी लाख डलरको पोको बोकेर काठमाडौं आएका थिए । यो पैसा शाही सेनाको प्रवर्द्धन र संवर्द्धनमा खर्च गरिएको थियो । यसलगत्तै देउवाले माओवादीका ठूला नेताहरूका टाउकाको मूल्य तोकेका थिए । यति भनिसकेपछि प्रधानमन्त्री देउवाका बारेमा थप केही भन्न बाँकी रहँदैन । अहिले प्रधानमन्त्री देउवा र माओवादी पार्टीका सर्वोच्च नेता प्रचण्डको गर्दन जोडिएको छ ।

उनीहरू दुवैको राजनीति एकअर्कामा आश्रित छ । पहिलो संविधानसभाको निर्वाचनमा कांग्रेस र एमालेको साख नराम्रोसँग खस्किएको थियो । अन्तरिम सत्तामा झन्डै एकाधिकार स्थापित गरेका थिए माओवादीहरूले । प्रचण्डको नेतृत्वमा बनेको सरकारमा एमाले गणहरू समावेश थिए । माओवादीहरूले संविधानसभाको निर्माण र गणतन्त्रको पहिलो चुनावमा भएको आफ्नो विजयलाई अन्तिम सत्य भन्ने ठाने । तर, ती दुइटै निष्कर्ष गलत थिए । किनभने माओवादीहरू राज्यको आमूल परिवर्तन गर्न हिँडेका थिए । तर, उनीहरू पशुपतिको भट्ट फेर्ने कुरामा अलमलिए । त्यति बेला परिवर्तित नेपाली राजनीतिका अभिभावकका रूपमा गिरिजाप्रसाद कोइरालाको उपस्थिति थियो । उनको दृष्टिगोचरमा माओवादीहरू नै थिए । माओवादीलाई सरकार र शासनको केन्द्रमा स्थापित गर्न कोइरालाले कडा मिहिनेत गरेका थिए । तर माओवादीहरू विजयको जोसमा यति मस्त भए कि कुनै पनि संग्राममा परिवर्तनकारी शक्तिको विजय एक्लाएक्लै हुँदैन भन्ने तथ्य नै बिर्सिए । यो सत्य हो, लगभग तीन हजार वर्षदेखि संस्कृति, सभ्यता र समृद्धिमाथि कब्जा जमाउँदै आएको कुलीन वर्गको स्वामित्वमा रहेको देश नेपालमा आमूल परिवर्तनका संवाहक माओवादीहरू नै थिए । यो कुरा सबैले स्विकारेका छन् । माओवादीको आँटमा गिरिजाप्रसाद कोइरालाको आँट नथपिएको भए सफलताको छेउमा पुगेको परिवर्तन तत्काल धूलिसात् हुन बेर लाग्ने थिएन । देशमा अहिलेको जस्तो सामन्तवादका विरुद्ध चेतनाको गीत गाइने थिएन । २०६२-६३ सालको परिवर्तनको प्रतिफलका रूपमा आएको संविधानसभाको निर्वाचनदेखि नै कांग्रेसको मत खुम्चिन थालेको थियो । त्यसरी खुम्चिँदै आएको कांग्रेस देउवा सरकारको




नेतृत्वमा भएको अघिल्लो चुनावमा तेइस स्थानमा खुम्चियो । संसद्मा जितको मामिलामा अहिले कांग्रेसको सिउर निकै फुकेको देखिएको छ । कांग्रेस नेतृत्वको गठबन्धनमा रहेका अन्य दलको अवस्थामा तात्त्विक भिन्नता देखिएको छैन । तर, कांग्रेस नेतृत्वको गठबन्धनको सफलतालाई कांग्रेसको एक्लो सफलता भन्न मिल्दैन । मुख्य रूपले यो माओवादी, एकीकृत समाजवादी र गठबन्धनमा जोडिएका साना वा ठूला सबै पार्टीको विजय हो । यो कुरालाई कसैले पनि बिर्सिन मिल्दैन । चुनाव-शृंखलामा स्पष्ट देखिएको र बिर्सिन नहुने तथ्य के हो भने, माओवादी पार्टी राजधानी काठमाडौं र देशका अन्य प्रमुख सहरी क्षेत्रका मतदाताको छनोटमा परेन । यो अस्वाभाविक होइन । लोकतन्त्रमा सहरिया मत अवसरवादी हुन्छ । यो स्थायी हुँदैन । छिटछिटो बदलिन्छ । यो चुनावको मूलधारमा सहर-बजारका जनता, खास गरी युवा मतदाताले पुराना नेताहरूका नाम सुन्न चाहेको देखिएन । उनीहरूका दृष्टिमा देशमा विकृतिहरूको जन्मको कारक यही नेतृत्व हो । त्यसो भए के नयाँ पुस्ताका प्रतिनिधि पात्रले सरकार बनाए भने देशले आज भोग्नुपरेको समस्या र पीडा 'छुमन्तर की वाचा' होला त ? यसको जवाफ कसैसँग पनि छैन । नयाँ नेता र नयाँ दलको नारा लगाउने र आफूलाई स्वतन्त्र बताउने कतिपय युवा यो चुनावमा देशमा स्थापित संघीय प्रणालीको विरोधमा उभिएका छन् । यो देशको विकासका लागि संघीय प्रणालीको विकल्प छैन भन्ने तथ्यको उनीहरूले जानीजानी अवज्ञा गरेका छन् ।

*साभार : कान्तिपुर ।*


## कम्प्यूटर टाईप-प्रिन्ट

सस्तो, शुलभ, उत्कृष्ट विश्वसनीय एवं भरपर्दो पत्र, पत्रिका, बुलेटिनहरु कम्प्यूटर टाईपिंग & सेटिंग तथा कम्प्यूटर टाईप-प्रिन्ट, फोटोकापी, स्केनिंग, लेमिनेशन सम्बन्धी सम्पूर्ण कामकाज गराउनका लागी सम्झनुहोस ।

–: दिलीप कुमार साह :–
सम्पर्क नं.-९८४४०५१४८७, ९८१७६२०२०२
एकचोटी सेवाको मौका अवश्य दिनुहोला





## सूचना

### डेंगीबाट बच्ने उपायहरू:

– एडिज जातको लामखुट्टेले दिनको समयमा टोक्दछ। त्यसमाथि पनि बिहान र साँझको समयमा टोक्ने सम्भावना बढी भएकोले सो समयमा थप सचेत हुने।
– आफ्नो घर वरिपरि, कार्यस्थल र सार्वजनिक ठाँउहरूमा पानी जम्न नदिने। पानी राख्ने भाँडालाई लामखुट्टे नछिर्ने गरि राम्ररी छोपेर राख्ने दिउँसो पनि लामखुट्टे भगाउने धूप बाल्ने र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने।
– घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हाल्ने।
– बिहान, दिउँसो, राती जुनसुकै बेला झुल लगाएर मात्र सुत्ने
– पूरै शरिर ढाक्ने लुगा लगाउने।
– पानी राख्ने भाँडाहरू जस्तै ट्यांकी, ड्रम, बाटा, बाल्टिन आदिलाई लामखुट्टे नछिर्ने गरी राम्ररी छोपेर राखौं। साथै पानी जम्न सक्ने ठाउँमा पानी जम्न नदिन नियमित सफा गरौं।
– काम नलाग्ने र पानी भरिन सक्ने सामानहरू जस्तै बोतल, टायर, प्लास्टिकका बस्तुहरू पानी जम्न नमिल्ने गरि विसर्जन गर्ने।
– घर/विद्यालयको अध्याँरा कुना-काप्चा, जस्तैः पर्दा पछाडी, खाटमुनि, शौचालय भित्र, डेस्क/बेन्च मुनि आदि जस्ता ठाउँहरुमा किटनाशक औषधि छर्कने गरौं।
– कम्तिमा हप्ताको एक पटक ऐर कुलर, पानी ट्यांकी, फूलदानी, गमलामा राखिएको प्लेटहरु राम्ररी सफा गरौं।

जलेश्वर नगरपालिकाको कार्यालय, महोत्तरी

## सूचना

### डेंगीबाट बच्ने उपायहरू:

– एडिज जातको लामखुट्टेले दिनको समयमा टोक्दछ। त्यसमाथि पनि बिहान र साँझको समयमा टोक्ने सम्भावना बढी भएकोले सो समयमा थप सचेत हुने।
– आफ्नो घर वरिपरि, कार्यस्थल र सार्वजनिक ठाँउहरूमा पानी जम्न नदिने। पानी राख्ने भाँडालाई लामखुट्टे नछिर्ने गरि राम्ररी छोपेर राख्ने दिउँसो पनि लामखुट्टे भगाउने धूप बाल्ने र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने।
– घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हाल्ने।
– बिहान, दिउँसो, राती जुनसुकै बेला झुल लगाएर मात्र सुत्ने
– पूरै शरिर ढाक्ने लुगा लगाउने।
– पानी राख्ने भाँडाहरू जस्तै ट्यांकी, ड्रम, बाटा, बाल्टिन आदिलाई लामखुट्टे नछिर्ने गरी राम्ररी छोपेर राखौं। साथै पानी जम्न सक्ने ठाउँमा पानी जम्न नदिन नियमित सफा गरौं।
– काम नलाग्ने र पानी भरिन सक्ने सामानहरू जस्तै बोतल, टायर, प्लास्टिकका बस्तुहरू पानी जम्न नमिल्ने गरि विसर्जन गर्ने।
– घर/विद्यालयको अध्याँरा कुना-काप्चा, जस्तैः पर्दा पछाडी, खाटमुनि, शौचालय भित्र, डेस्क/बेन्च मुनि आदि जस्ता ठाउँहरुमा किटनाशक औषधि छर्कने गरौं।
– कम्तिमा हप्ताको एक पटक ऐर कुलर, पानी ट्यांकी, फूलदानी, गमलामा राखिएको प्लेटहरु राम्ररी सफा गरौं।

मटिहानी नगरपालिकाको कार्यालय, महोत्तरी

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिंटर्स जनकपुरधाम , प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि
सम्पर्क कार्यालय : जनकपुरधाम–४(मुरलीचौक), कम्प्यूटर : दिलिप कुमार साह (९८४४०५१४८७), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday